गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०७ संख्या:- ०८ मिति:- २०८०/०७/२१

भाग - १

# भैंसी तथा बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

गोसाईकुण्ड गाउँपालिका स्याफ्रुबेंसी रसुवाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रममा भैंसी तथा बंगुरपालन व्यवसायलाई प्रवर्द्धन गर्न बजेट व्यवस्था भएकोले भैंसी तथा बंगुरपालन व्यववसायमा युवाहरुलाई आकर्षित गरी स्थानीय स्तरमै रोजगारी प्रवर्द्धन गर्ने, मासु र दुधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र आयआर्जन बढाउन आवश्यक भएकोले गोसाईकुण्ड गाउँपालिकाबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**भैंसी तथा बंगुर प्रवर्द्धन सञ्चालन कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि गोसाईकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

<u>**२. परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "**कार्यक्रम**" भन्नाले भैंसी सम्बद्ध व्यावसाय प्रवर्द्धन एवं प्रभावकारिता मूल्याङ्कन सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्छ ।

(ख) "**कार्यालय**" भन्नाले गोसाईकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "**कार्यालय प्रमुख**" भन्नाले गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "**कार्ययोजना**" भन्नाले मासु र दुधको उत्पादन बढाउन व्यवसायिक रुपमा भैंसी तथा बंगुरपालन गर्न तयार गरिएको कार्ययोजना सम्झनु पर्छ ।

(ङ) "**भौतिक पुर्वाधार**" भन्नाले भैंसी तथा बंगुरपालन गर्न आवश्यक पर्ने भवन, विजुली, पानी, सडक तथा औजारहरु सम्झनु पर्छ ।

(छ) "**साझेदार फर्म/समूह/सहकारी**" भन्नाले गोसाईकुण्ड गाउँपालिका भित्र स्थायी बसोबास गर्ने भैंसीपालक तथा बंगुरपालक कृषक/कृषक समूह/सहकारीलाई सम्झनु पर्छ ।

(ज) "**शाखा**" भन्नाले गोसाईकुण्ड गाउँपालिका पशु सेवा शाखा भन्ने सम्झनु पर्छ ।

<u>**३. उद्देश्यः**</u> यस कार्यविधिको उदेश्य देहाय बमोजिमको हुनेछः

(क) व्यवसायिक भैंसी तथा बंगुर प्रवर्द्धनको माध्यमबाट मासु र दुध उत्पादन वृद्धि गर्ने ।

(ख) गाउँपालिकाका युवा जनशक्तिलाई पशुपालन व्यावसाय प्रति आकर्षण गराउने ।

(ग) पशुपालक कृषकको आय आर्जन वृद्धि गराउने ।

## परिच्छेद-२

**४ मूल्याङ्कन समितिः**

१. प्रस्ताब मूल्याङ्कन गरी स्वीकृतका लागि सिफारिस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

२. मूल्याङ्कन समितिमा गाउपालिकाको एक जना विषय विज्ञ अधिकृत/प्राविधिक अनिवार्य राख्नु पर्नेछ अन्य सदस्यहरु कार्यालयले आवश्यक्ताका आधारमा निर्धरण गर्न सक्नेछ ।

३. प्रचलित कानुनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरु तथा अन्य मापदण्डहरु तयार पारी स्वीकृतका लागि कार्यालयमा पेश गर्ने ।

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतका लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

**५.अनुगमन तथा मूल्याङ्कनः**

(१) विषय विज्ञ अधिकृत/सम्बन्धित विषयको प्राविधिक र आवश्यकता र उपलव्धताका आधारमा कार्यालयले निर्धारण गर्ने मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन कार्यालयमा कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद – ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

### ६. कार्यक्रम सञ्चालन प्रक्रियाः

भैंसी तथा बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालनका लागि अनुसूचि-१ बमोजिम गोसाईकुण्ड गाउँपालिकाबाट सूचना प्रकाशन गरिनेछ ।

(ख) कार्यक्रममा सामेल हुन ईच्छुक मापदण्ड पुगेका कृषक/समूह/सहकारीहरुले कार्यालयले सूचना प्रकाशन गरी तोकिएका कागजत सहित तोकिएको ढाँचामा कार्यालयमा संक्षिप्त कार्ययोजना सहितको आवेदन पेश गर्नुपर्नेछ ।

(ग) यो कार्यक्रम गोसाईकुण्ड गाउँपालिका भित्र स्थायी बसोबास गर्ने व्यवसायिक भैंसीपालक/बंगुरपालक कृषक/समूह/सहकारीहरुसँगको **५० प्रतिशत लागत साझेदारीमा** सञ्चालन गरिनेछ ।

(घ) व्यवसायिक भैंसी तथा बंगुरपालनका लागि सम्भाव्य क्षेत्र र भैंसी तथा बंगुरको व्यावसायिकताको सम्भावना हेरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) कार्यक्रममा सामेल हुन इच्छुक भैंसीपालक कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुले कम्तिमा ४ वटा दुहुनो भैंसी र बंगुरपालक कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुले कम्तिमा ५ वटा प्रजनन् गरिरहेको ५ वटा माउ पोथि बंगुरपालन गरेको हुनुपर्नेछ ।

(च) कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुले अनुसूचि ३ बमोजिम आवेदन गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस र दुधको प्रवर्द्धनका

लागि कार्यालयबाट कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन भएकोमा भने दुध बिक्री गरेको आधिकारिक संस्था डी.डी.सि. को सिफारिस पत्र समेत सामेल गर्नुपर्नेछ ।

(छ) दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूचि ५ बमोजिम मूल्याङ्कनका आधार तथा मापदण्ड अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी समूहले प्राप्त गरेको प्राप्ताङ्कलाई सिलसिलेवार क्रममा कम्पाइल गरी स्वीकृतका लागि कार्यालयमा पेश गर्नेछ ।

(ज) प्रस्ताव छनौट भएका साझेदार कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुलाई कार्यालयले सात दिन भित्र जानकारी गराउनु पर्नेछ ।

**७ सम्झौताः**

(क) प्रस्ताव स्वीकृत भएका साझेदार कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुले जानकारी दिएको मितिले सूचनामा उल्लेखित मिति भित्र कार्यालयसँग अनुसूचि- ६ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिम समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः दोस्रो प्राथमिकतामा रहेका साझेदारहरुसँग सम्झौता गर्न सकिनेछ ।

(ग) रितपूर्वकको एउटा मात्र प्रस्ताव दर्ताहुन आए पनि छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(घ) उपदफा (ख) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः दोस्रो पटकको लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद-४

## आर्थिक पक्ष

८. अनुदान रकमको ५ प्रतिशत रकम कार्यालयले भ्रमण खर्च,तालिम,गोष्ठी,बैठक भत्ता तथा अन्य प्रशासनीक कार्यको लागि खर्च गर्न सक्नेछ ।

९. साझेदार कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुले यस कार्यविधि अनुसार कार्यक्रमको कुल लागतको ५० प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ ।

१०. भैंसी तथा बंगुर प्रवर्द्धनमा संलग्न हुन ईच्छुक साझेदार कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुले तपसिल बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सक्नेछनः

| क्र.सं. | आवश्यक्ता र उपलब्धताका आधारमा साझेदारहरुले सञ्चालन गर्न सक्ने क्रियाकलापहरु |
|---|---|
| १ | खोर/गोठ निर्माण/ सुधार गर्दा भुईं पक्की,नाली बनाई मुत्र संकलन,गोबर पिट निर्माण,घाँस राख्ने ठाउँ निर्माण आदि |
| २ | आवश्यक सामाग्री खरिद(पानि ट्याङ्की, ह्विल ब्यारो,चौडाकार साबेल,खानेपानी पाईप खरिद,मिल्क क्यान,दाना बनाउने मेसिन) |
| ३. | आवश्यक यन्त्रउपकरण खरिद |
| ३. | दुहुनो भैंसी वा प्रजनन् योग्य माउ बंगुर खरिद |
| ४ | ढुवानी बापत अधिकतम अनुदान |

११. अनुदान रकम प्राप्त गर्न साझेदार कृषक/समूहका सदस्यहरु/सहकारीका सदस्यहरुले (कार्यक्रम सम्पन्न गरिसकेपछि कार्यालयबाट अनुगमन र मूल्याङ्कन समेत सम्पन्न भएपछि) बिल/भर्पाई/डोर हाजिर लगाएत आवश्यक कागताज सहित भुक्तानीका लागि कार्यालयमा पेश गर्नुपर्नेछ । साझेदार कृषक/समूहका

सदस्यहरु/सहकारीका सदस्यहरुलाई कार्यालयले अनुदान रकम बढीमा दुई किस्तामा बैंक खातामा भुक्तानी दिन सक्नेछ ।

**<u>११. प्रगति पठाउने प्रकृयाः</u>**

(१) भैंसी तथा बंगुर प्रवर्द्धन कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदारले चौमासिक रुपमा कार्यालयमा कम्तिमा ३ पटक प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।

**<u>१२.कारबाहीको व्यवस्थाः</u>**

(१) सम्झौता बमोजिम कार्य सम्पादन नगर्ने साझेदार कृषक/समूह/सहकारीहरुलाई कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(२) साझेदार कृषक/समूह/सहकारीहरुले सम्झौता बमजिम कार्य नगरी अनुदान रकमको दुरुपयोग गरेको पाईएमा त्यस्ता कृषक/समूह/सहकारीहरुबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

**<u>१३. संशोधनः</u>** यो कार्यविधि सम्बन्धी बाधा अड्चन आइपरेमा प्रचलित कानुनको अधिनमा रहि गोसाईकुण्ड गाउँपालिकाले फुकाउन सक्नेछ ।

**<u>१४. प्रचलित कानुन बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसुचि-१**

## प्रस्ताव आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति.................................................**

मितिः...............................

...............................................को आर्थिक वर्ष २०.../.... को स्वीकृत वार्षिक कार्यक्रम (भैंसी प्रवर्द्धन/ बंगुर प्रवर्द्धन) कार्यक्रम सञ्चालन हुने भएकाले नियमानुसार दर्ता भएका व्यवसायिक कृषि फर्महरु/कृषक समूह/ कृषि सहकारीहरुले तोकिएको ढाँचामा संक्षिप्त कार्ययोजना सहितको आवेदन,दर्ता प्रमाणपत्रको प्रतिलिपि,समूह/सहकारीको हकमा कार्यक्रममा सामेल हुन समूह/सहकारीले गरेको निर्णय,नेपाली नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस सहित यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र कार्यालयमा निवेदन दर्ता गर्नुहुन आह्वान गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

...................................

प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१. रुपैयाँ दशको हुलाक टिकट टाँस गरी आवेदन पत्र
२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि
३. चालु आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र
४. साझेदार कृषक/समूह/सहकारीहरुको संक्षिप्त कार्ययोजना
५. कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो
६. समूह/सहकारीको हकमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि
७. कार्यक्रम सञ्चालन गर्ने जग्गा भाडामा लिइएको भए भाडा सम्झौता पत्रको प्रतिलिपि

८. कार्यक्रममा समेल गरिदिने व्यहोराको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

अनुसुचि -२

दफा ६ उपदफा (ख) सँग सम्बन्धित

**व्यावसायिक कृषि फर्महरु/कृषक समूह/ कृषि सहकारीहरुको आवेदन पत्र**

मिति..................................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेंसी रसुवा ।

विषयः........................................................................................

महोदय,

प्रस्तुत विषयमा गोसाईकुण्ड गाउँपालिका रसुवाले मिति.......................................मा प्रकाशन गरेको सूचना अनुसारको भैंसी प्रवर्द्धन/ बंगुर प्रवर्द्धन कार्यक्रममा लागत साझेदारी गर्न ईच्छुक भएकोले मेरो फर्म/हाम्रो समूह/हाम्रो सहकारीको निर्णय भएको हुँदा तपशिल बमोजिमका कागजात संलग्न गरी निवेदन पेश गरिएको छ । मेरो फर्म/हाम्रो समूह/हाम्रो सहकारीले अनुदान प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार यसै फर्म/समूह/सहकारी रहेकै स्थानमा रही कार्य गर्ने छौं ।

<u>तपसिलः</u>

१.रुपैयाँ दशको हुलाक टिकट टाँस गरी आवेदन पत्र
२.सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि
३.चालु आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र
४.साझेदार कृषक/समूह/सहकारीहरुको संक्षिप्त कार्ययोजना
५.कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो
६.समूह/सहकारीको हकमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि
७.कार्यक्र सञ्चालन गर्ने जग्गा भाडामा लिइएको भए भाडा सम्झौता पत्रको प्रतिलिपि

८.कार्यक्रममा सामेल गरिदिने व्यहोराको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

फर्म सञ्चालक/समूह अध्यक्ष/सहकारी अध्यक्षको नामः
दस्तखतः
फर्म/समूह/सहकारीको नामः
ठेगानाः
फर्म/समूह/सहकारीको छापः

## परिच्छेद २
(दफा ४ उपदफा ३ को (क) सँग सम्बन्धित)

## साझेदार कृषि फर्म/कृषक समूह/कृषि सहकारी छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

| क्र.सं | द.नं | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना | सम्भाव्य/उपयुक्तता | दुध/मासु विक्रिको प्रमाण | भैंसी/बंगुर पालन गरेको अनुभव प्रतिशत | घाँस विकास गरेको वा गरिने जग्गाको क्षेत्रफल | अघिल्ला आ.व. मा एकै प्रकृतिका अनुदान नलिएको | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १५ | २० | २० | १५ | १० | २० | १०० |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(दफा ६ (ख) सँग सम्बन्धित)

**कृषक/कृषक समूह/कृषि सहकारीबाट प्रस्तावित संक्षिप्त कार्ययोजना**

कृषक/कृषक समूह/कृषि सहकारीको नाम.........................................................सम्पर्क नं......................................................................... कृषक/कृषक समूह/कृषि सहकारीले भैंसी/बंगुपालन गर्ने स्थान.................................................................. कृषक/कृषक समूह/कृषि सहकारीको ठेगाना...................................................................

(१) भैंसी/बंगुरपालन व्यावसायमा सञ्चालन गरिने कार्य विवरणः

| क्र.सं | कार्यक्रम | अनुदान | स्वलगानी | जम्मा |
|---|---|---|---|---|
| १ | गोठ/खोर निर्माण ( गोठ/खोर निर्माण/ सुधार गर्दा भुईं पक्की,नाली बनाई मुत्र संकलन,खोर/गोठ देखि कम्तिमा १० फिट टाढा गोबर पिट निर्माण,घाँस राख्ने ठाउँ समेत निर्माण भएको हुनुपर्नेछ । | | | |
| २ | घाँसेखेति व्यवस्थापन (निजि फर्मले कम्तिमा १ रोपनि र समूह तथा सहकारीका सदस्यहरुले प्रति सदस्य १ रोपनि विकासे/उन्नत जातको घाँस खेति गरेको हुनुपर्नेछ ।) | | | |
| ३ | आवश्यक सामाग्री खरिद(पानि ट्याङ्की, ह्विल ब्यारो,चौडाकार साबेल,खानेपानी पाईप खरिद,मिल्क क्यान) | | | |
| ४ | दुहुनो भैंसी वा प्रजनन् योग्य माउ बंगुर खरिद | | | |
| ५ | ढुवानी बापत अधिकतम अनुदान | | | |
| | जम्मा | | | |

(२) भैंसी/बंगुरपालन व्यावसायिक कार्य गर्ने व्यावसायिले उल्लेखित अनुदान रकम अनुसारको रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नुपर्नेछ ।

(३) भैंसी/बंगुरपालन गरेको भए ,विगत कति वर्ष देखि भैंसी/बंगुरपालन निरन्तर गरिरहेको वा कुन व्यावसाय गरिरहेको वर्ष............महिना............भैंसी/बंगुरको जात.......................भैंसी/बंगुरको संख्या................राँगा/वीरको संख्या........................

(४) व्यवसायको संक्षिप्त परिचय वा भैंसी/बंगुरपालन पद्धतीः

(५) घाँस खेति गरेको/गरिने क्षेत्रफल/वर्षिक उत्पादन अनुमानित के.जि..........

(६) घाँसको किसिमा..................................कहाँबाट ल्याएको..............................

(७) डालेघाँसको किसिम र संख्याः

(८) व्यवसायको लागि श्रमको व्यवस्थापनः

(क) पारिवारिकः महिला संख्या.............पुरुष संख्या............

(ख) बाहिरबाट महिला संख्या............पुरुष संख्या............

(ग) जम्मा संख्या..........महिला.............पुरुष....................

(९) उत्पादित वस्तुको बजारः

(१०) अपेक्षित वार्षिक उत्पादनः

कृषक/समूह/सहकारी सदस्यको तर्फबाट सहि गर्नेकोः

नामः

पदः

दस्तखत र मितिः

औंठाछापः

आज्ञाले,

दुतेन्द्र चाम्लिङ

प्रमुख प्रशासकीय अधिकृत